लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
२ नं प्रदेश, नेपाल

**सहकारी संस्थाहरू सूचिकृत हुने बारे अत्यन्त जरूरी सूचना**

मिति : २०७५/१०/२८

लालबन्दी नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ४ मा "यस अघि नियमानुसार दर्ता भै संचालनमा रहेका सहकारीहरूले यस कानून लागु भए पश्चात नगर कार्यपालिकाबाट तोकिएको दस्तुर बुझाई एक पटक नगरपालिकामा सूचिकृत हुनु पर्नेछ" भन्ने व्यवस्था रहेका हुँदा यस नगरपालिकाबाट नगर क्षेत्रभित्र संचालनमा रहेका सम्पुर्ण सहकारी संस्थाहरूलाई नगरपालिकामा आई सूचिकृत गर्नु हुन भनि यस अघिनै सूचना प्रकाशित गरिएकोमा हालसम्म केही संख्यामा मात्र सहकारी संस्थाहरू सूचिकृत हुन आएका तथा धेरै सहकारी संस्थाहरू सूचिकृत हुन बाँकी रहेकोले अन्तिम पटकका लागी सहकारी संस्थाहरू तपशिल बमोजिमको कागजातहरू संलग्न गरी निम्न अनुसारको दस्तुर बुझाई यस नगरपालिकामा सूचिकृत गर्नु हुन यस नगरपालिका भित्र कार्यक्षेत्र रहेका सम्पुर्ण सहकारी संस्थाहरूलाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**सूचिकृत गर्न आवश्यक कागजातहरू :**

१.सहकारी दर्ता प्रमाण पत्रको (छाँयाकपि)
२.कर चुक्ताको प्रमाण पत्र(छाँयाकपि)
२.गत आ.व.को लेखा परिक्षणको प्रतिवेदन(छाँयाकपि)
३.गत आ.व.को प्रारम्भिक सभा, विशेष सभा र साधारण सभाका निर्णयको(छायाँकपि)

**सन्तुलन परीक्षण/सन्तुलन सिट/कारोबार आदिका आधारमा सूचिकृत दस्तुर :**

१ करोड सम्म रू.१ हजार
१ करोड भन्दा बढी २ करोड सम्म रू.२ हजार
२ करोड भन्दा बढी ३ करोड सम्म रू.३ हजार
३ करोड भन्दा बढी ४ करोड सम्म रू.४ हजार
४ करोड भन्दा बढी ५ करोड सम्म रू.५ हजार
५ करोड भन्दा माथि रू.६ हजार रकम हुने ।

२०७५/१०/२८

नि.प्रमुख प्रशासकीय अधिकृत